आज मिति २०७७ साल मंसिर २८ गते आइतबारका दिन बिर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री ध्रुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णहरु गरियो

उपस्थिति

नगर प्रमुख : श्री ध्रुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्र प्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्वा

७ नं. वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री दिपक भट्टराई

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपति गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता पोखरेल

कार्यपालिका सदस्य : श्री संगिता शिवा

[redacted] सचिव : श्री गणेश प्रसाद दाहाल

Scanned with CamScanner

निर्णय नं.-१ : चालु आर्थिक वर्षको प्रथम चौमासिकमा भएको वडागत प्रगति र शाखागत प्रगति प्रतिवेदन प्रस्तुत भई छलफल गरियो । छलफलबाट योजना तथा कार्यक्रमहरु समयमा नै सम्पन्न गर्न गराउन कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं.-२ : देहायका कार्यविधि र निर्देशिकाहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

क) बिर्तामोड नगरपालिका पशु बीमा सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७७
ख) बिर्तामोड नगरपालिका कृतिम गर्भाधान अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
ग) बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि, २०७७

निर्णय नं.-३ : चालु आ. व. को टेकबहादुर गिरी बसपार्कको वार्षिक पूर्वाधार उपयोग कर तथा पार्किङ्ग शुल्क ठेक्का बन्दोवस्त गर्न ३ पटकसम्म सूचना आव्हान गर्दा ठेक्का बन्दोवस्त हुन नसकी मिति २०७७/८/२५ गते अर्जुनधारा नगरपालिका र बिर्तामोड नगरपालिकाको संयुक्त राजश्व परामर्श समितिको बैठकबाट न्यूनतम कबोल अंक घटाई पुनः सूचना आव्हान गर्न सिफारिस भएको हुंदा उक्त ठेक्काको वार्षिक न्यूनतम अंक रु. ३२,५०,०००।०० कायम गर्ने र ठेक्का बन्दोवस्त प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै दैनिक, साप्ताहिक हाट बजार बिटौरी शुल्कको ठेक्का बन्दोवस्तका लागि पटक पटक सुचना प्रकाशन गर्दा समेत ठेक्का बन्दोवस्त हुन नसकेकोले गत आर्थिक वर्षको कबोल अंकमा १० प्रतिशत बृद्धि गरी साविककै खतिवडा ट्रेडर्सले ठेक्का सम्झौता गर्न निवेदन दिएको हुंदा उक्त ट्रेडर्ससंग वार्षिक ठेक्का अंक रु. २७,६०,००१।०० कायम गरी बांकी अवधिको रकम जम्मा गराई सम्झौता गरी ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

निर्णय नं.-४ : बिर्तामोड नपाको वडा नं.-५ मा रहेको बुधवारे बजार भित्र रहेका अस्थायी संरचनाहरु खाली गरी बजार व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.-५ : राष्ट्रिय परिचय पत्र बनाउने प्रयोजनका लागि वडाहरुमा भईरहेको फोटो खिच्ने कार्य ५० प्रतिशत भन्दा कम मात्र फोटो खिचाउने कार्य सम्पन्न भएको हुंदा उक्त फोटो खिचाउने कार्यलाई ३ महिना ( फाल्गुण मसान्तसम्म ) म्याद थप गरी निरन्तरता दिन जिल्ला प्रशासन कार्यालय, झापालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.-६ : बिर्तामोड नपा, वडा नं.-१ मा घर बाटो सिफारिस गर्ने विषयलाई लिएर समस्या देखा परेकोमा नक्सामा सार्वजनिक जग्गा, पैनी, कुलो देखिएको जग्गामा घर बाटो देखिएमा के कसरी सिफारिस गर्ने विषयमा अध्ययन गरी राय, सुझाव पेश गर्न मिति २०७७/८/१९ गतेको सर्वदलिय बैठकबाट यस नगरपालिकाको क्षेत्रबाट घरबाटो सिफारिस गर्ने प्रयोजनका लागि साविक नक्साको अवस्था, विद्यमान अवस्था र अब सिफारिस गर्नुपर्ने व्यवस्था समेतलाई आवश्यक जांच बुझ गरी १५ दिन भित्र राय, सुझाव सहितको प्रतिवेदन पेश गर्न सर्वदलिय कार्यदल गठन गर्ने सिफारिस भए अनुसार निम्नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | - नगर उपप्रमुख श्री पवित्रा महतारा प्रसाई |
| सदस्य | - श्री युवराज दाहाल, नेकपा |
| सदस्य | - श्री लक्ष्मी आचार्य, नेपाली कांग्रेस |
| सदस्य | - श्री शंकर रिजाल, रा. प्र. पा. |
| सदस्य | - श्री गिता घिमिरे, कार्यपालिका सदस्य |
| सहयोगी कर्मचारी | - अमिन श्री नारायण बस्नेत |

Scanned with CamScanner

**निर्णय नं.-७ :** नगरका विभिन्न स्थानहरुमा सार्वजनिक तथा सरकारी जग्गामा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुले घर टहरा बनाई व्यवसाय संचालन गरिरहेको तर निजहरुले व्यवसाय दर्ता नगरी संचालन गरिरहेको र त्यसबाट कर, राजश्वको ठुलो अंश राजश्वको दायरामा नआएको हुंदा उल्लेखित स्थानमा संचालित व्यवसाय दर्ता गरी राजश्वको दायरामा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.-८ :** EMIS मा वडागत रुपमा प्राथमिकतामा रहेका १८८ जना युवाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु एवम् युवा रोजगारीका लागि रुपान्तरण तथा पहल आयोजनाको काममा लगाउने र सम्पर्कमा नआएमा क्रमशः वैकल्पिकको सूचीमा रहेकोलाई काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं.-९ :** यस विर्तामोड नगरपालिकामा रहेका निम्न "घ" वर्गको निर्माण व्यवसायी फर्महरुलाई प्राविधिक समितिबाट सिफारिस भई आएकोले "घ" वर्गको निर्माण इजाजत दिने निर्णय गरियो ।

**<u>निम्न</u>**

क) महाभारा निर्माण सेवा, विर्तामोड-५ ।
ख) चोलुङ्ग कन्स्ट्रक्सन, विर्तामोड-५ ।
ग) अक्षेता कन्स्ट्रक्सन प्रालि, विर्तामोड-४ ।

**निर्णय नं.-९ :** चालु आर्थिक वर्ष ०७७/७८ को स्वीकृत योजना तथा कार्यक्रम अन्तरगत स्रोत सुनिश्चितता गरी सम्झौता गर्नुपर्ने योजनाहरु मध्ये देहायका प्रवर्द्धनात्मक तथा अन्य योजनाहरुको स्रोत सुनिश्चित नभएकोले कार्यान्वयन नगर्ने निर्णय गरियो ।

| क्र.स. | सि नं | योजना | वडा नं | रकम |
|---|---|---|---|---|
| १ | १७ | शिव टोल विकास सस्था | ४ | ५००,००० |
| २ | १९ | टोल विकास सस्थाका पदाधिकारीहरुको नेतृत्व तथा क्षमता विकास | ४ | १३०,००० |
| ३ | २० | महिलाहरुको क्षमता तथा नेतृत्व विकास | ४ | ७०,००० |
| ४ | २१ | टोल विकास सस्थाका महिलाहरुको लागि महिला लैंगिक हिसा न्युनिकरण सचेतना कार्यक्रम | ४ | ७०,००० |
| ५ | २३ | टोल विकास सस्थाका सदस्यहरुलाई कौसी खेती | ४ | ५०,००० |
| ६ | ३१ | खेलकुद सि. नं १४ | ७ | ३००,००० |
| ७ | ३४ | गरामनी दुर्गा मन्दिर रंगरोगन | ८ | १००,००० |
| ८ | ३५ | आठकठे पुल संरक्षण | ८ | १५०,००० |
| ९ | ३८ | वालवालिका न्तृत्व विकास | ९ | १००,००० |
| १० | ४० | युवा तथा खेलकुद | ९ | १४४,७०० |
| ११ | ४१ | युवा तथा खेलकुद | १० | ३००,००० |
| १२ | ४२ | टोल विकास सुधार तालिम | १० | ५०,००० |
| १३ | ४४ | वाटो स्तरोन्नति तथा कल्भर्ट निमार्ण | १० | ७८०,००० |
| १४ | ४ | नवदुर्गा सामुदायिक भवन निर्माण | २ | ५००००० |
| १५ | ३ | वडाको विभिन्न टाउँमा बक्स स्ल्याव तथा कल्भट निमार्ण | १ | ३००००० |

Scanned with CamScanner

| क.स. | सि नं | योजना | वडा नं | रकम |
|---|---|---|---|---|
| १६ | ९ | विर्तावजार हनुमान मन्दिर मर्मत तथा टायल्स निर्माण | ३ | २००००० |
| १७ | १५ | नागेश्वर मन्दिर मर्मत सम्भार | ४ | १५०००० |
| १८ | १६ | आनन्दगज शिव पद्मायन मन्दिर | ४ | ५०००० |
| १९ | २२ | सनातन धर्म सेवा समिति भवन निर्माण | ४ | २००००० |
| २० | २६ | शितलनगर टोल कमल लिम्बुको घर पश्चिम भक्ती अधिकारीको घर सम्म बाटोस्तरउन्नती गर्नको लागि रु 1,00,000/-, स्यालडाँगी गणेश मेचेको घर पुर्व दक्षिणवाट भादु राजवंशीको घर हुदै ७ नं को सिमाना सम्म बाटो स्तर उन्नती गर्नका लागिरु 1,00,000/-, सुन्दरनगर गिता गुरुङको घर जाने बाटो स्तर उन्नती गर्नका लागिरु १,००,०००/-, बेलगाँछी मन्दिर दक्षिण ७ नं को सिमाना बाट उत्तर बाटोस्तरउन्नती गर्नका लागि रु २,००,०००/- | ६ | ५००००० |
| २१ | ३६ | पुर्ण सरसफाई कार्यक्रम अन्तर्गत नमुना टोलमा प्रवेशद्वार निर्माण | ८ | ७५००० |
| २२ | ३९ | जेष्ठ नागरिक चौतारी निर्माण | ९ | १००००० |
| | | | | ४,८१९,७०० |

**निर्णय नं.-१० :** **चालु आर्थिक वर्ष ०७७/७८ को स्वीकृत योजना तथा कार्यक्रम अन्तरगत स्रोत सुनिश्चितता गरी सम्झौता गर्नुपर्ने योजनाहरुको स्रोत सुनिश्चित भई नसकेकोले हाल योजना कार्यान्वयन नगर्ने र स्रोत सुनिश्चित हुंदै गएपछि आवश्यकताका आधारमा सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।**

| क.स. | सि नं | योजनाको नाम | ठेगाना | बजेट |
|---|---|---|---|---|
| १ | क्रमागत | सब्जी लाईन र गोसलाईन ब्लक निमार्ण | 3 | २७००००० |
| २ | क्रमागत | त्रिवेनी टोल ब्लक निर्माण | 3 | १३००००० |
| ३ | क्रमागत | तित्रि डागीबाट पश्चिम भुषावाडी हुदै गरामनी जोड्ने बाटो विचमा रहेको पैनीमा कल्भर्ट निमार्ण | 7 | ४१८२१४ |
| ४ | १ | अतिथि सदन मार्ग टोलका पुर्व पट्टी ३ वाट वाटा ढल निमार्ण रकमान्तरगरी नमुना टोलमा प्लम निर्माण | १ | ५००००० |
| ५ | २ | खोला पैनी अवरोध हटाउने तथा व्यवस्थापन | २ | ३८०००० |
| ६ | ५ | तिन स्नान घर निर्माण | २ | १०००००० |
| ७ | ६ | बिभिन्न स्थान ह्युमपाइप जडान | २ | ५००००० |
| ८ | ७ | त्रिशुली चोक दक्षिण प्लम निर्माण | २ | ८००००० |
| ९ | ११ | सैनिक मोड टोल विकास अन्तर्गतको ड्रेन निर्माण | ३ | ५००००० |
| १० | १२ | ग्रमकाली अखण्डदिप मन्दिर परिसरमा सार्वजानिक भवन निर्माण | ३ | ५००००० |
| ११ | १३ | मुनाल टोल विकाश सस्था, सुन्दर टोल विकाश सस्था, अदुवा खोलातटबन्धन (सानो अदुवा तथा धरधरे खोला) | ४ | ५००००० |
| १२ | १४ | कञ्चनजंघा टोल विकाश सस्था रोड नं ९ सुरेश दाहालको घर पुर्वको बाटोड्रेन निर्माण | ४ | ५००००० |
| १३ | १८ | शहिद राम मार्ग पश्चिम प्लम निर्माण | ४ | १०००००० |
| १४ | २४ | कन्काई रोड देखी पुर्व गजुरमुखि टोल सम्म जोड्ने बाटोमा नाला तथाकालोपत्रे | ५ | १०००००० |
| १५ | २५ | भाद्रु गाउँ पश्चिम दक्षिण धरधरे खोलामा पुल निर्माण | ६ | ५००००० |
| १६ | २९ | बालराम बस्नेतका घर पश्चिम होम घिमिरेका घर पुर्व रेखा खोलामाकल्भर्ट निर्माण सि नं ४ | ७ | ५००००० |
| १७ | ३० | डिल्ली बरालको घर छेउ कल्भर्ट | ७ | ५००००० |
| १८ | ३२ | वडाका विभिन्न स्थानमा बाटो स्तरउन्नती तथा पानी निकासका लागिह्युमपाईप जडान | ७ | ५००००० |
| १९ | ३७ | डोले चौक उत्तर उदिपको घर हुँदै मनोज प्रसाईको प्लटिङ्ग सम्म बाटो | ९ | ६००००० |
| २० | ४५ | विर्ताबजार भित्र सब्जि तथा मासु पसल व्यवस्थापन | ३ | २०००००० |
| २१ | ४६ | गोकुल जोशी मार्ग उत्तर माया कालीकोटेको घर जाने बाटो ड्रेननिर्माण | ३ | ९००००० |
| २२ | ४७ | खगेन्द्र काष्ठ फर्निचर वाट दक्षिण जाने बाटो प्लम निर्माण | ३ | ८००००० |
| २३ | ४८ | गणेश मुखियाको घर जाने बाटो ड्रेन निर्माण | ३ | ५००००० |

Scanned with CamScanner

| क.स. | सि नं | योजनाको नाम | ठेगाना | बजेट |
|---|---|---|---|---|
| २४ | ४९ | आर्दश चौक बाट नडियाबारी जाने बाटो परिवर्तित विष्णु राजवंशीकोघरबाट धौला पुल जाने बाटोमा प्लम निर्माण | ३ | ८०००० |
| २५ | ५४। | शहिद स्मृति प्रतिष्ठान, अर्जुनधारा | | २०००००० |
| २६ | ६०। | मुक्तिचौक ब्युटिफिकेशन | ४,५ | २०००००० |
| २७ | ६२। | झापा ईसाई समाज सामुदायिक भवन निर्माण | २ | ५००००० |
| २८ | ६८। | वडा नं.-४ को वडा कार्यालय पुर्व सरस्वती टोल वडा नं.-४ र ५ को सिमानामा ड्रेन निर्माण | ४,५ | १०००००० |
| २९ | ६९। | विर्ता समावेशी टोल रोड नं.-२ प्लम तथा पेवर्स निर्माण | ४ | १२००००० |
| ३० | ७२। | पारिजात मार्ग रोड नं.-१ प्लम निर्माण | | १०००००० |
| ३१ | ७६। | चारपाने चौकबाट बालकल्याण बोर्डिङ्ग तर्फ जाने एकता मार्गमा नाला निर्माण | २ | १०००००० |
| ३२ | ८०। | मातृभुमी टोलको अतिथि सदन मार्गको पुर्वतर्फ वडा नं.-१ र ४ को सिमानामा पर्ने सडकमा नाला तथा पेवर्स | १,४ | २३००००० |
| ३३ | ८१। | बाहदशी पोखरी घेराबेरा | २ | ६००००० |
| ३४ | ८२। | साङ्वेद टोलमा जाने सडकमा कल्भर्ट निर्माण | २ | ६००००० |
| ३५ | ८३। | विराट आधारभूत विद्यालयको ग्राउण्डमा पेवर्स | १० | ७००००० |
| ३६ | ८८। | सत्कार मार्ग पेवर्स जडान | ५ | १५००००० |
| ३७ | ८९। | वडा नं.-४ कालिका चौकबाट चिरञ्जीवि अधिकारीको घर हुदै वडा नं.-३ जोड्ने बाटो स्तरोन्नती | ४,३ | ५००००० |
| ३८ | ९३। | कृषि सम्बन्धी साईलेस मेशिन खरिद तथा हस्तान्तरण | ७ | ९००००० |
| ३९ | ९८। | सबै वडामा पुर्ण सरसफाई कार्यक्रम सचालन गर्ने विराट अध्ययन केन्द्रको साझेदारी | | १०००००० |
| ४० | १००। | रेखा खोलामा कल्भर्ट निर्माण (बहुवर्षिय ठेक्का सम्झौता भईसकेको) | ७ | ४१८२००३ |
| ४१ | १०१ | घुमाउरो टोल सडक तथा नाला | ५ | ३००००० |
| ४२ | १०२ | शहिद रामनाथ दाहाल प्रतिस्ठान | २ | ७००००० |
| | | | | ४११८०२१७/०० |

**निर्णय नं.-११ : चालु आर्थिक वर्ष ०७७/७८ को स्वीकृत योजना तथा कार्यक्रम बहुवर्षिय योजनाको रुपमा संचालन गर्ने गरी इबिडिङ्ग प्रक्रियाबाट ठेक्का आव्हान गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।**

| क.स. | सि नं | योजना | वडा नं | रकम |
|---|---|---|---|---|
| १ | ८२ | प्रभुलाल मार्ग हुदै साङ्वेद मार्ग जोडने बाटो कालोपत्रे | २ | ६,०००,००० |
| २ | १११ | बुट्टाबारी चौक दक्षिण वडा नं ७ को सिमाना जोड्ने लोकबन्धु मार्ग कालो पत्रे (नगरस्तरीय योजनाबाट रु.-४० लाख र वडास्तरीय योजनाको रु.-२० लाख) | ६ | ६,०००,००० |
| ३ | ११२ | गिरीबन्धु टि स्टेट पूर्व दक्षिण एभरेष्ट स्कुल हुदै बेलगाछी मन्दिर जान बाटोमा कल्भर्ट निमार्ण | ६ | १,५००,००० |
| ४ | ११५ | विरान टोलको विर बहादुर दर्जिको घर छेउ रेखा खोला पक्की पुल निमार्ण | ७ | २,०००,००० |
| ५ | १२२ | पाण्डे चौकबाट गुवाबाडी जोड्ने बाटो गंगा कटुवालको घर छेउको कल्भर्ट | ८ | १,०००,००० |
| ६ | १२४ | आठकठे पुल निमार्ण वडा नं ८ र ९ (वडा नं.-८ बाट १० लाख र वडा नं.-९ बाट १० लाख) | ८,९ | २,०००,००० |
| ७ | १२८ | अदुवा खोला आर सि सि प्लम निमार्ण | ९ | १,५००,००० |
| ८ | १२९ | पत्रकन्या बक्स कल्भर्ट | ९ | १,०००,००० |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ९ | १३० | दुर्गा चौक पूर्व बक्स कल्भर्ट | ९ | १,०००,००० |
| १० | १३२ | इलामेली टोल र सापडिग्री टोलको बिचमा रहेको जनता होलीमा कल्भर्ट निमार्ण | १० | १,५००,००० |
| ११ | १३४ | गोविन्द बस्नेतको घर पूर्व होलीमा कल्भर्ट निमार्ण,मिना चौक दक्षिण झलक राईको घर निर कल्भर्ट निमार्ण, डेकमानको घर दक्षिण हल्दीबारी जोइने बाटोमा कल्भर्ट निमार्ण | १० | २,१००,००० |
| १२ | १ | मानव हाती द्बन्द न्युनकरण वडा स्तरिय | ७ | २,५००,००० |
| १३ | १ | दुर्गा मा विको जग्गामा खेल मैदान घेरावेरा तथा कर्वड हल निमार्ण | ९ | २,५००,००० |
| १४ | ५२ | विर्तामोड नगरपालिका कार्यालय कम्पाउण्ड भित्र गाडेनिङ्ग पर्वस तथा भवनमा ट्रष्ट निमार्णस्रोत सुनिश्चितता | ३ | ५,०००,००० |
| १५ | ७३ | प्रगतीनगर शंखरवाडी जाने सडक निमार्ण क्रमागत | ८ | २,०००,००० |
| १६ | ६६ | कालीका नगर काली मन्दिर छेउको पुल निमार्ण | ४ | १,६००,००० |
| १७ | ९१ | सुर्यनगर जयराम कोइरालाको घर पश्चिम तर्फको कल्भर्ट निमार्ण | ३ | १,०००,००० |
| १८ | ५१ | वडा कार्यालय भवन ७ | ७ | ५,०००,००० |
| | | जम्मा | | ४५,२००,००० |

<u>निर्णय नं.- १२</u> तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत विर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको आयोजना स्तरोन्नतिका लागि सञ्चालन हुने पानी श्रोत व्यवस्थापन तथा अन्य केही सुधार विस्तार सम्बन्धी कार्यक्रमका लागि कुल लागतको २५ प्रतिशतले हुन आउने रकम रु.४५,९१,५००।- (पैतालिस लाख एकानब्बे हजार पाँच सय) मात्र नगर विकास कोषसँग ऋण माग भएको र उक्त ऋण जमानतमा यस नगरपालिकाको सहमति रहेको साथै उक्त ऋणको जमानीमा हस्ताक्षर गर्न नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री गणेश प्रसाद दाहाललाई अख्तियारी दिने निर्णय गरियो ।

<u>निर्णय नं.- १३</u> अनारमनि दुर्गा गुठी स्थानको नाममा दर्ता रहेको साविक अनारमनि गाविस वडा नं ५ हाल विर्तामोड नगरपालिका वडा नं ३ मा पर्ने कि.नं ११९, १२१, १२०, १३०, ७०१, १२२ र ११८ को ज.व.मि. क्रमश:१२६९८.६४, १६९३१.५६, ०,७६१९.१९, ०,२५७३.५७, ०,०६४६.५६, २१८४१.७१, १९२१७.२९ गरि जम्मा क्षेत्रफल ८१७२८.५२ व.मि. जग्गाहरु यस नगरपालिकाले गत विगत लामो समय देखि संरक्षण एवं रेखदेख गर्दै आइरहेको र उक्त जग्गामा स्थायी संरचनाहरु समेत निर्माण गर्न आवश्यक भईरहेकाले उक्त जग्गा यस नगरपालिकाको नाममा भोगाधिकार वा लामो अवधिका लागि लिजमा प्राप्त गर्ने व्यवस्थाका लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा अनुरोध गरि पठाउने निर्णय गरियो।

Scanned with CamScanner